# बारेकोट गाउँपालिकाका उपाध्यक्ष श्री ओमा शाहीले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७५/०७६ को

# बजेट बक्तव्य

गाउँ सभाका अध्यक्ष ज्यू,
सभाका सदस्य ज्यूहरु,

आज बारेकोट गाउँपालिकाको पाँचौ गाउँ सभाको सन्दर्भमा बारेकोट गाउँपालिकाको आर्थिक वर्ष ०७५।०७६ को बजेट, योजना तथा कार्यक्रम सार्वजनिक गर्न पाउँदा म निकै नै हर्षित छु।

बारेकोट गाउँपालिकाको समृद्धि र समग्र विकासका लागि गाउँपालिकाको बजेट, योजना तथा कार्यक्रम मार्फत समृद्ध र विकाससील बारेकोट निर्माण गर्ने पथमा हिडाउने महत्वपुर्ण भुमिका खेल्न पाउँदा म व्यक्तिगत रुपमा गर्वको महशुस गर्दछु।

जाजरकोट जिल्ला आफैमा पिछडिएको जिल्ला हो । त्यसमा पनि कर्णालीको जुम्ला र डोल्पा जिल्लासँग जोडिएको बारेकोट क्षेत्र राज्यबाट सँधै नजर अन्दाज गरिएको ठाउँ हो । राज्य मात्रै होईन जिल्लाले पनि बारेकोटलाई सँधै उपेक्षा गरिरह्यो । देश संघीय संरचनामा गइसकेपछि पनि गाउँगाउँमा सिंहदरबारको अधिकार अझै पुग्न नसकेको महसुस भएको छ ।

यहाँ बारेकोटमा प्रकृतिले वरदान स्वरुप दिएका थुप्रै संभावनाहरु हामीसँग छन् । जल, जमिन, जंगल, जडिबुटी लगायत थुप्रै प्राकृतिक स्रोतहरु परिचालन गर्न सकेमा अबको केही वर्षपछि हाम्रो बारेकोट गाउँपालिका विकासका क्षेत्रमा कायापलट गर्न सकिन्छ भन्ने बुझाई अनुसार स्वभाविक रुपमा बारेकोट गाउँपालिकाको आवश्यकता र जनताको विकासको माग अनुरुप बजेट विनियोजन गरिएको व्यहोरा अनुरोध गर्न चाहान्छु।

**सभा अध्यक्ष तथा सदस्य ज्युहरु**

अब म आगामी आर्थिक बर्ष २०७५/०७६ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्न अनुसार प्रस्तुत गरेको छु।

(क) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानलाई पारदर्शी एवं मितव्ययी अपनाई समुन्नत बारेकोटको निर्माण गर्ने ।

(ख) उपलब्ध स्रोत साधनको समानुपातिक समावेशीताको सिद्धान्त अनुसार वितरण गरी विकास निर्माण कार्य सम्पन्न गर्ने र रोजगारीका अवसर सिर्जना गर्ने ।

आर्थिक बर्ष २०७५/०७६ को बजेटका प्राथमिकताहरु निम्न अनुसार प्रस्तुत गरेको छु :

(क) जिल्ला सदरमुकामसँग सडक बाटो जोड्नका लागि यसै आ.व.भित्र सडकको ट्र्याक खोली यातायात संचालन गर्ने
(ख) ग्रामीण खानेपानी तथा लघु जलबिद्युत योजनाहरु सम्पन्न गर्ने ।

(ग) भौतिक पूर्वाधारका कार्यक्रमलाई निरन्तरता दिने ।

(घ) आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूत गर्ने ।

(ङ) शैक्षिक सुधारका कार्यक्रम संचालन गर्ने ।



प्रमाणिकरण मिति:- २०७५/०३/१५
प्रमाणिकरण गर्ने:- महेन्द्र बहादुर शाह

सभा अध्यक्ष तथा सदस्य ज्युहरु

आगामी आर्थिक वर्ष ०७५।०७६ को लागि प्रस्तावित बजेट, योजना तथा कार्यक्रमले निम्न बमोजिमका मूलभूत विषयहरुलाई समेटेको व्यहोरा यस सम्मानित सभामा अनुरोध गर्न चाहन्छु ।

**आर्थिक वर्ष ०७५/०७६ को वित्तीय समानीकरण तथा राजश्व बाँडफाँड तर्फ**

**१. पुँजीगत तर्फ**

पुँजीगत तर्फ १६ करोड २३ लाख १६ हजार रुपैया विनियोजन गरेको छु ।

**क. आर्थिक विकास तर्फ (अनुसूची १)**

बारेकोटको समग्र कृषि तथा पशु विकास कार्यक्रमका लागि एकमुष्ट ९४ लाख रकम विनियोजन गरेको छु । त्यसै पर्यटन तर्फ १० लाख, सहकारी तथा वित्तिय तर्फ ४ लाख गरी आर्थिक विकास तर्फ **जम्मा १ करोड ८ लाख** रकम विनियोजन गरेको छु ।

**ख. सामाजिक विकास तर्फ (अनुसूची २)**

बारेकोटको समग्र शिक्षा सुधारका लागि रु १ करोड ९ लाख ६० हजार रुपैया विनियोजन गरेको छु । स्वास्थ्य विकास तर्फ ६२ लाख बिनियोजन गरेको छु । खानेपानी तथा सरसफाई तर्फ चा.लु आ.ब.मा संचालनमा रहेका सञ्चालित ८ वटा र यस आ.व.बाट शुरु गरिने १ वटा गरी जम्मा ९ वटा खानेपानी योजनाहरुका लागि रु.२ करोड ७६ लाख ३० हजार बिनियोजन गरेको छु । यसैगरी संस्कृति प्रवर्द्धनतर्फ रु. २९ लाख ७० हजार विनियोजन गरेको छु साथै लैंगिक समानता तथा सामाजिक समावेशीकरणतर्फ रु. ३९ लाख विनियोजन गरेको छुँ । त्यस्तै विविध अन्तर्गत रु. ३ लाख गरी कुल रकम रु. ५ करोड २० लाख रुपैयाँ सामाजिक विकासतर्फ विनियोजन गरेको छु ।

**ग. पूर्वाधार तर्फ (अनुसूची ३)**

कुनैपनि ठाउँको समग्र विकासको मेरुदण्ड भनेको पूर्वाधार हो । पूर्वाधारको विकास नभई गाउँपालिकाको विकास हुदैन भन्ने मान्यता अनुरुप **पूर्वाधारको विकास**को लागि बढी जोड दिएको छ । जस अन्तर्गत सडक तथा पुल (झो.पु समेत) तर्फ रु. ४ करोड १ लाख रुपैयाँ, भवन तथा शहरी विकासतर्फ रु. २ करोड ३७ लाख रुपैयाँ, उर्जातर्फ रु. ७८ लाख रुपैयाँ, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) तर्फ रु. १२ लाख, संचारतर्फ रु. १ लाख रुपैयाँ, खानेपानी पूर्वाधार कार्यक्रमतर्फ रु. ८ लाख र विविध अन्तर्गत रु. १ करोड ५२ लाख ३० हजार गरी कूल रकम रु. ८ करोड ५९ लाख ३० हजार रुपैयाँ पूर्वाधार बिकासतर्फ विनियोजन गरेको छु ।

**घ. वातावरण तथा विपद् व्यवस्थापन तर्फ (अनुसूची ४)**

वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गत विपद् व्यवस्थापनमा रु. २४ लाख २६ हजार, जलउत्पन्न प्रकोप नियन्त्रणमा रु. १० लाख, फोहोरमैला व्यवस्थापनमा रु. २ लाख, जलवायू परिवर्तनमा रु. ५ लाख, वातावरण संरक्षणमा रु. १६ लाख र वन तथा भू-संरक्षणमा रु. ५ लाख गरी कूल रकम रु. ६२ लाख २६ हजार रुपैयाँ विनियोजन गरेको छु ।

प्रमाणिकरण मिति २०७५।०३।१५
प्रमाणिकरण गर्ने :- महेन्द्र बहादुर शाह

ङ. संस्थागत विकास तथा सेवा प्रवाहतर्फ (अनुसूची ५)

संस्थागत विकास तथा सेवा प्रवाह अन्तर्गत सुरक्षा व्यवस्थापनमा रु. २ लाख, पञ्जीकरण व्यवस्थापनमा रु. ५ लाख, अभिलेख व्यवस्थापनमा रु. १३ लाख, संस्थागत क्षमता विकासमा रु. ७ लाख, संस्थागत पूर्वाधारमा रु. २६ लाख र विविधमा रु. १५ लाख ६० हजार गरी कूल रकम रु. ६८ लाख ६० हजार रुपैयाँ विनियोजन गरेको छु ।

च. वित्तीय व्यवस्थापन र सुशासन (अनुसूची ६)

वित्तीय व्यवस्थापन र सुशासन अन्तर्गत सार्वजनिक सुनुवाईमा रु. ५ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

२. चालु तर्फ अनुसूची ७

आर्थिक वर्ष २०७५।०७६ का लागि चालु तर्फ कुल ४ करोड ५३ लाख ९२ हजार रुपैया विनियोजन गरेको छु ।

चालू खर्च अन्तर्गत पारिश्रमिक सुविधामा रु. २ करोड ९० लाख ६ सय रुपैयाँ, कर्मचारीको सामाजिक सुरक्षामा रु. १ लाख ६० हजार, सेवा महसूलमा रु. १० लाख ५० हजार, पूजीँगत सम्पत्तिको संचालन र सम्भारमा रु. १ लाख २० हजार, कार्यालय सामान तथा सेवाहरुमा रु. ३५ लाख ४९ हजार, सेवा तथा परामर्श शिर्षकमा रु. ३६ लाख ९९ हजार, अनुगमन मूल्यांकन र भ्रमण खर्चमा रु. २९ लाख ७४ हजार, सम्पत्ति सम्वन्धी खर्चमा रु. १५ लाख १६ हजार र विविध खर्चमा रु. १९ लाख १३ हजार गरी कूल रकम रु. ४ करोड ३८ लाख ९२ हजार रुपैयाँ विनियोजन गरेको छु ।

३. आन्तरिक श्रोत तर्फ अनुसूची ८

चालु आ.व. मा प्रक्षेपण गरेको रु ९ लाख र प्राप्तीको आधारमा तुलना गर्दा आन्तरिक राजस्व लक्ष्य अनुरुप संकलन भएको छ । जसलाई आधार मानी यस आ.व मा रु १५ लाख आन्तरिक श्रोत संकलन गर्ने लक्ष्य राखेको छु ।

४. सशर्त अनुदान तर्फ

त्यसैगरी सशर्त अनुदान तर्फ स्वास्थ्य, शिक्षा, कृषि, पशु, महिला विकास, नवीकरणीयउर्जा, महिला विकास तर्फ जम्मा रु ३४ करोड ४९ लाख, ९ हजार रुपैयाँको सिलिङ प्राप्त भएकोले सो रकम स्वीकृत गरी खर्च गर्ने व्यवस्था मिलाएको छु ।

सभा अध्यक्ष तथा सदस्य ज्युहरु

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयनका लागि बजेट बिनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

(१) आगामी आर्थिक बर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वियन गर्न रु ५५ करोड २५ लाख १७ हजार रुपैयाँ विनियोजन गरको छु । कुल विनियोजन मध्ये चालुतर्फ ४ करोड ५३ लाख ९२ हजार रुपैयाँ अर्थात २१.८५ प्रतिशत र पुँजीगततर्फ रु १६ करोड २३ लाख १६ हजार रुपैयाँ अर्थात ७८.१५ प्रतिशत रहेको छ । भने सर्शततर्फको रकम रु ३४ करोड ४८ लाख ९ हजार प्राप्त भएको छ ।

(२) आगामी आर्थिक बर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये राजश्व बाँडफाँट शिर्षकमा संघीय सरकारबाट ७ करोड १८ लाख ८३ हजार रुपैयाँ, प्रदेश सरकारबाट १ लाख ९८ हजार र गाउँपालिकाको आन्तरिक राजश्वबाट रु १५ लाख गरी जम्मा रु.७ करोड ३५ लाख ८१ हजार राजश्व शिर्षकमा प्राप्त हुने अनुमान छ । भने वित्तीय समानीकरण अनुदान तर्फ संघीय सरकारबाट रु ७ करोड १ लाख, प्रदेश सरकारबाट ४९ लाख २६ हजार र अपुग बजेट रु ५ करोड ९१ लाख १ हजार रुपैया आ.व.२०७४।७५ मा खर्च हुन नसकी बाँकी रहन जाने रकमबाट व्यहोर्ने गरी बजेटको तर्जुमा गरेको छु ।



प्रमाणिकरण मिति २०७५।०३।१५
प्रमाणिकरण गर्ने :- महेन्द्र बहादुर शाह

सभा अध्यक्ष तथा सदस्य ज्युहरु,

माथि विनियोजित बजेट अन्तर्गत बस्ती, वडा तथा विषयगत र एकीकृत हुदै प्राथमिकतामा परेका योजनाहरुको सफल कार्यान्वयनका लागि डिजाईन स्टिमेट, विस्तृत परियोजना प्रतिवेदनका आधारमा यहाँहरु सबैको रचनात्मक सुझाव, कार्यपालिकाको पूर्ण बैठकबाट पारदर्शी र सबै वडा वस्तीमा सन्तुलित रुपमा बजेट खर्च गर्न आवश्यक कार्यविधि, नीति नियमहरु निर्माण गरि कार्यान्वयन गर्ने व्यवस्था गर्नेछु ।

अन्त्यमा, प्रस्तावित बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव प्रदान गरी सहयोग गर्नुहुने सम्पुर्ण बौद्धिक वर्ग, विषयगत समितिका सदस्य ज्युहरु, एकीकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु, कार्यपालिकाका सदस्य ज्युहरु, वडापालिकाका सदस्यज्यूहरु तथा सम्पूर्ण बारेकोटबासीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुऱ्याउने अपेक्षा गरेको छु । प्रस्तावित कार्यक्रमबाट गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा गुणात्मक सुधार आई सुशासन बृद्धिमा सहयोग पुग्ने विश्वास लिएको छु ।

आर्थिक वर्ष ०७५।०७६ को बजेट योजना तथा कार्यक्रमको कार्यान्वयनमा बारेकोटवासी नेपाल सरकार, राजनीतिक दलहरु, नागरिक समाज, गैर सरकारी संघ-संस्था, र कर्मचारी लगायत सबैबाट सहयोगको अपेक्षा राखेको छु ।

धन्यवाद ।

**ओमा शाही, उपाध्यक्ष तथा बारेकोट गाउँपालिका, जाजरकोट**

**२०७५ असार १० गते**

प्रमाणिकरण मिति २०७५।०३।१५

प्रमाणिकरण गर्ने :- महेन्द्र बहादुर शाह